आज मिति २०८२ असोज २२ गते वुधवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रस्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६. का.वा. अध्यक्ष श्री हरिप्रसाद कार्की वडा नं. ८

२७ का.वा. अध्यक्ष श्री सुनिता थापा मगर वडा नं. ९

अन्य आमन्त्रित उपस्थिति

१. श्री सरोज तिवारी, जि. स

२. श्री अर्जुन [illegible] व.ले.अ

मितिः २०८२।०६।२२ गते

<u>वैठकमा छलफलका विषयहरुः</u>

१. महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमा।

२. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०६।२२ गते

निर्णयहरुः

३. महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमा.:

आ.व. २०७६/२०७७, २०७७/०७८ तथा आ.व.२०७८/०७९ को यस नगरपालिकाको स्वीकृत नीति, कार्यक्रम र वजेट कार्यान्वयनका सम्वन्धमा भएको अन्तिम लेखा परिक्षणको सिलसिलामा देखिएको अन्तिम प्रतिवेदन उपर लेखा समितिको वैठकवाट नियमित गर्न सिफारिस गरिएको नियमित गर्नुपर्ने वेरुजु र असुल गर्नुपर्ने वेरुजुका सम्वन्धमा महालेखा परिक्षकको कार्यालयवाट गरिएको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लिखीत विषयवस्तुहरु उपर छलफल भै प्रतिवेदनले औल्याएका वेरुजुहरु नियमित गर्नुपर्ने भए आवश्यक कागजातको आधारमा नियमित गर्ने र असुल गर्नुपर्ने भए सरोकारवाला निकायहरुवाट असुलीका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने एवम् अन्तिम लेखा परिक्षण प्रतिवेदनले औल्याइएका वेरुजुहरुका सम्वन्धमा प्रमाण कागजात र पुष्टायाँइ संलग्न गरी समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने निर्णय गरियो। साथै लेखा समितिको निर्णय तथा कार्यपालिकाको निर्णयानुसार लेखा परिक्षण प्रतिवेदनमा औल्याइएको वेरुजुहरुको फछ्यौट तर्फ आवश्यक कारवाही गरी सुझावहरुको कार्यान्वयन गर्ने र देहाय वमोजिमका निर्णयहरु उपर कार्वाही गरी अनुमोदनका लागि आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

क. प्रतिवेदनको सामाजिक सुरक्षातर्फको दफा ११२ का सम्वन्धमाः.

यस नगरपालिकाको आ.व.२०७६/०७७ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा सामाजिक सुरक्षातर्फको दफा ११२ मा अभिलेख- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लागत कट्टा तोकिएको मिति अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भित्रै परिचयपत्र,

प्रत्येक वर्ष लागत अध्यावधिक गरी लाभग्राहीहरुको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्ठी गरी अध्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था अनुसार सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अधिनमा रही यस नीलकण्ठ नगरपालिकाद्वारा सामाजिक सुरक्षाका सवै अभिलेखहरु कायम गरी खर्च निकासा गर्दै आएको र सोही वमोजिम आय/व्यय अध्यावधिक राख्ने गरिएको देखिएको हुँदा पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभाकारी रुपमा वितरणको प्रवन्ध कार्यालयले मिलाउने गरी प्रतिवेदनमा औलाइएको अभिलेख व्यवस्थापनका सम्वन्धमा उल्लेखित बेरुजु छलफल तथा नियमित गर्ने निर्णय गरियो।

ख. <u>प्रतिवेदनको सामाजिक सुरक्षातर्फको दफा ११२.१ का सम्वन्धमाः,</u>

यस नगरपालिकाको आ.व. २०७६/०७७ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा सामाजिक सुरक्षातर्फको दफा ११२.१ मा नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि ऐ.ऐ.वर्ष देहाय वमोजिमका वैकहरुमा पेश्की रु १८०३७०२४२।- पेश्की नजनाई खर्च लेखेको देखिन्छ। उक्त रकमको खर्च विवरण (रिभर्स फिड) पेश हुन नआएकोले कति रकम लाभग्राहीलाई वितरण भएको र कति रकम वाँकी रहेको सम्वन्धमा यकिन हुन सकिएन। पालिकाले रिभर्स फिड माग गरी खर्च नभएको रकम व्याजसमेत हिसावगरी नियमानुसार असुल फर्छ्यौट हुनुपर्ने विषय उल्लेख भएको विषयमा छलफल गर्दा आ.व. २०७६/०७७ को सामाजिक सुरक्षा भत्ता बैकको नाममा गएको, लाभग्राहीहरुको लगत अध्यावधिक गरिएको साथै व्यक्तिगत घटना दर्ता (मृत्यु र वसाइसराइ) समेतलाई यकिन गरी रकम भुक्तानी भइ बाँकी रकम सम्बन्धित वैंकहरु क्रमश तात्कालिन सिभिल वैक लि, हाल हिमालयन वैक लि. को च.नं. HBL/dha-op/165/081/082 मिति २०८१/०९/१२ र प्रभु वैक को च.नं. २८४/२०७७/०७८ मिति २०७८/०३/०८ गतेको पत्रानुसार वैकहरुमा पेश्की रु १८०३७०२४२ पेश्की

नजनाई खर्च लेखिएकोमा हालको हिमालय बैंक लि. र प्रभु बैंकमा दाखिला भएको रकम रु १३८३०९६४२।- (अक्षेरुपी तेह्र करोड त्रियासी लाख नौ हजार छ सय बयालिस रुपैया) रकम सम्बन्धित लाभग्राहीको नाममा बैंक दाखिला भएकाले पूर्णरुपमा कार्यान्वयन तथा सदुपयोग भएको, छड्के रुपमा विषय वस्तु बुझ्दा समेत उक्त भत्ता सम्बन्धित लाभग्राहीहरुले बुझिलिएको देखिन्छ, यसमा कुनै विवरण फरक नपरेको र सामाजिका सुरक्षा भत्ता वितरण नियमसम्मत भएको देखिएको हुँदा यसमा कुनै त्रुटी/संका वा सिकायत/गुनासो मान्नुपर्ने अवस्था देखिदैन, आ.व. २०७६/०७७ को बेरुजु प्रतिवेदनमा देखिएको उक्त सामाजिक सुरक्षा रकम खर्च लेख्ने क्रममा भएको प्रक्रियागत त्रुटीको कारणले पेश्की जनाइ लेख्नुपर्नेमा सोझै बजेट खर्च लेख्दा समस्या भएको देखिन्छ। गत आ.व. २०८०/०८१ को अन्तिम लेखापरिक्षण हुँदा सम्म पनि कृषि विकास बैंकबाट रिभर्स फिड पेश हुन बाँकी देखिएकाले पुरै रकमको बेरुजुको समपरिक्षण गत आ.व.मा यस कार्यालयको अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष पेश गर्न असमर्थ भएकाले आ.व. २०८१/०८२ को लेखा परिक्षणका क्रममा अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष सामाजिक सुरक्षा भत्ता खर्च शिर्षक अनुसार पेश्की रकम उल्लेख हुनुपर्नेमा वजेट खर्च लेखिएकोमा सो त्रुटी सच्चाइ वेरुजु फर्छयौट/समपरिक्षणको लागि डोर समक्ष पेश गर्ने र यस प्रकारका त्रुटी पुनः हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभाकारी रुपमा वितरणको व्यवस्था मिलाउने तथा सो सम्वन्धमा उल्लेखित बेरुजु फर्छयौट गर्ने निर्णय गरियो।

ग. आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको कोभिड सिकाइ सहजिकरण सम्वन्धी दफा १७.१ का सम्वन्धमा:.

यस नगरपालिकाको आ.व.२०७७/०७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा कोभिड सिकाइ सहजिकरणस् स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७/०७८ मा विद्यालयलाई कक्षा ४ देखी कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी मासिक रु १२५ का दरले ३ महिनाको रु ३७५ CUG सेवामा

र ECD देखी कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु २०० का दरले विद्यालय सुरक्षा सामाग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा पालिकावाट भौ.नं. मिति ०७७/१२/२३ मार्फत विद्यालयहरुलाई (अनुसूची-३) ECD देखी कक्षा १२ सम्मका विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी रु ५३९।- का दरले अनुदान रकम वितरण गरेको देखिएकोले वढी भुक्तानी भएको रकम रु १३०७७३४।- (अक्षेरुपी तेह्र लाख सात हजार सात सय चौतिस रुपैया) निकासा भएका सम्वन्धित विद्यालयहरुवाट असुल उपर गर्ने निर्णय गरियो।

घ. <u>आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको वढी निकासा सम्वन्धी दफा १७.२ का सम्वन्धमाः,</u>

यस नगरपालिकाको आ.व.२०७७/०७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा वढी निकासाः शीर्षक अन्तर्गत पालिकावाट विद्यालयहरुलाई तलवभत्ता लगायत अन्य शीर्षकमा रकम निकास गर्दा वढी रकम निकासा भएको प्रतिवेदनमा उल्लेख भए वमोजिम वढी निकासा भएको रकम सम्वन्धित विद्यालयहरुवाट रु ५९००००।- (अक्षेरुपी पाँच लाख नव्वे हजार रुपैया) निकासा भएका सम्वन्धित विद्यालयहरुवाट असुल गर्ने निर्णय गरियो।

ङ. <u>आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको पुस्तकालयमा आधारित पाठ्यपुस्तक अनुदान सम्वन्धी दफा १७.५ का सम्वन्धमाः,</u>

यस नगरपालिकाको आ.व.२०७७/०७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा पुस्तकालयमा आधारित पाठ्यपुस्तक अनुदानस् कार्यान्वयनका लागि स्थानीय तहले सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई पुस्ताकालयवाट नै पुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक रु ५००००।- (अक्षेरुपी पचास हजार) का दरले एकमुष्ठ अनुदान उपलब्ध गराइएकोमा सोही वमोजिम खर्च भए नभएको यकिन नभएको व्यहोरा प्रतिवेदनमा उल्लेख भएको हुँदा उक्त निकासा भएको रकम सोही शीर्षक अन्तर्गत रही खर्च भए/नभएको तथ्याङ्क सम्वन्धित विद्यालयहरुसँग माग गर्ने र सो अनुसारको शीर्षकमा खर्च नभएको पाइएमा वा आवश्यक

विल भरपाई सहितको कागजात पेश नभएको खण्डमा वा झुटा प्रमाण पेश गरेमा सम्वन्धित विद्यालयलाई निकासा भएको रकम असुल गर्ने निर्णय गरियो। ।

च. आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको प्राविधिक भत्ता सम्वन्धी दफा १७.६ का सम्वन्धमा:,

यस नगरपालिकाको आ.व.२०७७/०७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा प्राविधिक भत्ता: शीर्षकमा १० महिनाको मात्र प्राविधिक भत्ता निकासा गर्नुपर्नेमा २ महिना व़ढीको प्राविधिक भत्ता निकासा भएको देखिएकोले उक्त प्राविधिक भत्ता वापत निकासा वढी भएको भुक्तानी रकम रु ३००००।- (अक्षेरुपी तीस हजार) असुल गर्ने गर्ने निर्णय गरियो।

छ. आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको सामुदायिक सिकाइ केन्द्र संचालन सम्वन्धी दफा ४०.२ का सम्वन्धमा:

यस नगरपालिकाको आ.व.२०७७/७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा सामुदायिक सिकाई केन्द्र संचालनस् स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७/०७८ को क्रियाकलाप नं.२.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाइ केन्द्र संचालन शीर्षकमा संचालन व्यवस्थापनका लागि १ लाख सवैलाई र थप अधिकतम १ लाख प्रस्तावनाका आधारमा उपलब्ध गराउने व्यवस्था रहेकोमा लेखा परिक्षणका क्रममा पालिकाले सामुदायिक सिकाई केन्द्रहरुले प्रस्तावना पेश गर्नुपर्नेमा प्रमाण पेश नगरेकोले प्रति सामुदायिक सिकाई केन्द्र प्रस्तावना वापतको थप अनुदान रकमहरुको प्रमाण पेश गर्ने र प्रमाण पेश हुन नसकेको खण्डमा वा झुटो प्रमाण/कागजात पेश भएमा सम्वन्धित सामुदायिक सिकाई केन्द्रहरुवाट जुन प्रयोजनका लागि निकासा गरिएको हो सोही अनुरुप खर्च नदेखिएमा उक्त निकासा रकम असुल गर्ने निर्णय गरियो।

ज. आ.व.२०७७/०७८ को महालेखा प्रतिवेदनको वढी निकासा सम्वन्धी दफा ४०.३ का सम्वन्धमा:

यस नगरपालिकाको आ.व.२०७७/०७८ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा नीलकण्ठ मा.वि.लाई दोस्रो चौमासिक तलव निकासा गर्दा ६८६७३७५।- भुक्तानी भएकोमा वाल

विकास केन्द्र सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापनमा रु १४८०००।- निकासा गर्नुपर्नेमा रु १५८०००।- निकासा भएको देखिएको हुँदा वढी निकासा भएको रकम रु १००००।- (अक्षेरुपी दश हजार) सम्वन्धित विद्यालयवाट असुल गर्ने निर्णय गरियो।

झ. आ.व.२०७८/०७९ को महालेखा प्रतिवेदनको दफा १८ र ३८ मा उल्लिखित विषयका का सम्वन्धमा

यस नगरपालिकाको आ.व.२०७८/०७९ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा नाफामुलक संस्थालाई दिइने अनुदानका विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारवाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराएको उपयुक्त देखिएन भन्ने विषय उल्लेख भएकोमा नेपाल एक कृषिप्रधान देशको रुपमा रहेको र जसको कुल जनसंख्याको करिम ७५ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको भएता पनि कृषिमा आधुनिकीकरण गर्न नसकिएको कारण नेपालको कृषि प्रणाली जिविको पार्जनमा मात्रै सिमित रहेको अवस्था छ। कृषिमा आधुनिकीकरण एवम् व्यवसायिकीकरण गरी आयात उन्मुख कृषि व्यवस्थालाई निर्यात उन्मुख कृषि प्रणालीमा रुपान्तरण गर्न नगरपालिकाको नीति तथा कार्यक्रम र प्राथमीकताका आधारमा कृषि क्षेत्र प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरिदै आएको छ, नगरपालिकाद्वारा अनुदान उपलब्ध गराइएका कृषक समुहहरु नगर क्षेत्रका कृषकहरु मिलि गठन भएका संस्थाहरु हुन जसले नगरपालिकाको कृषि क्षेत्रको अधुनिकीकरण र व्यवसायीकरणमा सहजीकरण हुने अपेक्षा राखी अनुदान उपलब्ध गराइएको हो जसवाट नगरपालिका कृषिमा आत्मनिर्भर हुने विश्वास लिएको छ। यसै सन्दर्भमा महालेखा परिक्षकको कार्यालयवाट गरिएको अन्तिम लेखा परिक्षण आ.व.२०७८/०७९ को प्रतिवेदनमा नगरपालिकाले अनुदान उपलब्ध गराएको सम्वन्धमा नगरपालिका स्थित संघ/संस्थाहरुलाई भुक्तानी भएको अनुदान रकम ऐ.ऐ. प्रतिवेदनको दफा १८ र ३८ मा एकै विषय उल्लेख भएको हुँदा देहायका कृषि समुह तथा अन्य संस्थाहरुलाई उपलब्ध गराएको अनुदान रकम दोहोरो लेखिएको हुँदा दोहोरो

टिपोट भएका संस्थागत अनुदान रकम प्रतिवेदनवाट हटाउन डोर समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

१. सिमलघारी मेवाघारी कृषक समुह ५,००,०००।-

२. सस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र रु ५,००,०००।-

३. शुभकामना साना किसान कृषि सहकारी रु ५,००,०००।-

४. लक्ष्मी कृषि तथा पशुपंक्षी फर्म रु ५,००,०००।-

५. वसाह महिला कृषक समुह रु ५,००,०००।-

६. पावर हावस एग्रो प्रा.लि रु ५,००,०००।-

७. आकुरा कृषि तथा पशुपंक्षी सहकारी रु ५,००,०००।-

ञ. आ.व.२०७६/०७७, आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ को महालेखा प्रतिवेदनद्वारा औल्याइएका अन्य विषयहरुका सम्वन्धमाः

यस नगरपालिकाको आ.व.२०७६/०७७, आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा नीलकण्ठ नगरपालिकाको स्वीकृत नीति, कार्यक्रम र वजेटको लेखाङ्कन तथा आयरव्ययको सन्दर्भमा महालेखा परिक्षकको कार्यालयवाट खटिएको डोरद्वारा सम्पन्न भएको अन्तिम लेखा परिक्षणका क्रममा नियमित गर्नुपर्ने विषय भएमा नियमित गर्ने, प्रमाण पेश गर्नुपर्ने विषय भएमा प्रमाण पेशका लागि सरोकारवाला निकायमा पत्राचार गर्ने, वढी निकासा भएको खण्डमा सम्वन्धित निकायवाट वढी निकासा वा भुक्तानी भएको रकम असुल गर्ने, श्रेष्ता पेश गर्नुपर्ने भएमा श्रेष्ता पेशका लागि पत्राचार गर्ने र प्रमाण पेश हुन नसकेमा वा झुटो प्रमाण र कागजात पेश भई प्रमाण नपुगेको खण्डमा असुलिका लागि सरोकारवालाहरुलाई पत्राचार गर्ने निर्णय गरियो।